जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ५० २०८२ साल भदौ ३१ गते मंगलबार (16 Sep 2025 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : आन्दोलनपछि बनेको सरकारको... ३ पृष्ठमा : इतिहास बोकेर फेरि ... ३ पृष्ठमा भारतीय सुरक्षा बलसँगको...

# प्रमुख प्रशासकीय अधिकृत अनुभवी नरहेको भन्दै कावा नगरप्रमुखले मन्त्रालयलाई लेखे पत्र

**दैनिक समाचारदाता**
**राजविराज, ३० भदौ ।**

सप्तरीका स्थानिय तहहरु आफ्नो अनुकूल वा निमित्त प्रमुख प्रशासकीय अधिकृत ल्याएर पालिका सञ्चालन गर्न रुचाउँदै आएका छन् । नगरपालिकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पठाउने उपसचिव स्तरका प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर नगराउने, गाउँपालिकाहरुमा सामान्य प्रशासनले पठाउने अधिकृतलाई हाजिर हुन नदिई त्यसको ठाउँमा स्वास्थ्य वा पशुतर्फका शाखा प्रमुखलाई निमित्त प्रमुख प्रशासकीय अधिकृत बनाएर काम गर्ने परिपाटी रहँदै आएको छ ।

प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर हुन नदिने र निमित्तको भरमा पालिकाहरुको रोजाईकै कारण जिल्लाको खडक नगरपालिकामा विवाद सृजना भएको छ । गत आर्थिक बर्षको जेठ महिनामा शम्भुनाथ नगरपालिकाबाट सरुवा भई खडक नगरपालिकामा आएका उपसचिव विनय कुमार सोनुलाई नगरप्रमुख जयप्रकाश चौधरीले साउनदेखि कार्यालयमा बस्न दिएका छैनन् । प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्ष खाली समेत गराएको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएको छ ।

नगर प्रमुख अनुकूलको निमित्त प्रमुख प्रशासकीय पालिकामा ल्याउँदा जनप्रतिनिधिहरु मनोपरी ढंगले बजेट खर्च गर्न पाउने भएकाले उनीहरुहरुको पहिलो रोजाईमा निमित्त नै पर्ने गरेको स्थानियहरु बताउँछन् । "प्रमुख प्रशासकीय अधिकृतहरु नियम कानुनपुर्वक बजेट खर्च गर्छन् र निमित्तहरुको नियम कानुन मिचेर जनप्रतिनिधिको अनुकूल बजेट खर्च गर्छन् त्यही भएर पालिका प्रमुखहरुको पहिलो रोजाई निमित्त हो" एक स्थानियले भने ।

पछिल्लो पटक निमित्तकै विवाद शम्भुनाथ नगरपालिकामा सृजना भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको उपसचिव स्तरका प्रमुख प्रशासकीय अधिकृतलाई अनुभवहीनको संज्ञा दिँदै जनप्रतिनिधिहरुले मन्त्रालयलले पठाएको प्रमुख प्रशासकीय अधिकृतलाई अन्यत्र पठाउन माग गरेको छ ।

कार्यवाहक नगरप्रमुख




अनिता चौधरीले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कामकाजमा खटाईएको उपसचिव शेर बहादर भण्डारीलाई अन्यत्र व्यवस्थापन गर्न माग गरेकी छिन् ।

हाल मुलुकमा प्रतिनिधि सभाको निर्वाचनको मिति तय भईसकेको र स्थानीय तहको जनप्रतिनिधिहरुको पनि अर्को आर्थिक वर्षमा निर्वाचन हुने जनाउँदै चालु आर्थिक वर्षको विनियोजित बजेट कुशलतापुर्वक प्रभावकारी कार्यान्वयन गर्नु अति नै महत्वपूर्ण हुनेछ, तर यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत पदमा खटाईएका उपसचिव शेर बहादर भण्डारी हालसम्म कुनै पनि स्थानीय तहको कार्य गरेको अनुभव नरहेको कार्यवाहक नगरप्रमुख चौधरीले समान्य प्रशासन मन्त्रालयलाई लेखेको पत्रमा उल्लेख छ ।

"स्थानीय सरकारको यस्तो अति नै महत्वपूर्ण र संवेदनशील समयमा अनुभवहीन प्रमुख प्रशासकीय अधिकृतबाट पालिकाको समग्र कामकाज चुस्तदुरुस्त रुपमा कार्यसम्पादन गर्न सकिन्छ भन्ने विषयमा विश्वस्त हुन सकिदैन" पत्रमा भनिएको छ ।

जेनजी पुस्ताको आन्दोलनले यस नगरपालिकामा समे आशिंक क्षति भएको भन्दै उपसचिव स्तरका प्रमुख प्रशासकीय अधिकृत भण्डारी अन्यत्र व्यवस्थापन गरी दरवन्दी बमोजिमको अन्य कुनै स्थानीय तहको अनुभव भएको उपसचिव खटाई दिनुहुन वा हाल कार्यरत रहेको प्रमुख प्रशासकीय अधिकृत हरिमोहन सुतिहारलाई नै निरन्तरता दिन नगरपालिकाको सम्पूर्ण जनप्रतिनिधिहरुवाट भएको सामुहिक निर्णय भएको कार्यवाहक नगरप्रमुख चौधरीले हस्ताक्षर गरेको पत्रमा उल्लेख छ ।

सुतिहार निमित्त प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्दै आएका थिए । मन्त्रालयले उपसचिव भण्डारीलाई शम्भुनाथ नगरपालिकामा पठाएको थियो ।

निमित्तको भरमा चल्दै आएका ७ सय ५३ वटै स्थानीय तहमा दरबन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृत पठाईसकिएको जनाएको थियो ।

# डिभाईडरमा ठोक्किएर मोटरसाइकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ३० भदौ ।**

सप्तरीको सुरुङ्गा नगरपालिकामा डिभाईडरमा ठोक्किएर मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

नगरपालिकाको वडा नं. ५ स्थित जिनिस अस्पताल नजिकै भएको मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएका छन् ।

आईतवार साँझ पुर्व पश्चिम राजमार्गमा कुशहादेखी कदमाहातर्फ आउदै गरेको मधेश प्रदेश-०१-००५-प ५५११ नम्बरको मोटरसाइकल सडकमा राखिएको डिभाइडरमा ठोक्किँदा भएको दुर्घटनामा मोटरसाईकल चालक सुरुङ्गा नगरपालिका वडा नं. ९ परमानपुर निवासी ३० वर्षीय अनिल कुमार चौधरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

दुर्घटनामा गम्भिर घाईते चौधरीलाई नजिकै रहेको जिनिस अस्पताल पुऱ्याइए पनि चिकित्सकले मृत घोषणा गरेको उनले बताए ।

सोही मोटरसाइकलमा पछाडी सवार सुरुङ्गा नगरपालिका वडा नं. ७ चकदह टोलका १८ वर्षीय राधेश्याम चौधरी घाइते भएका छन् । उनको सोही

*बाँकी तीन पृष्ठमा*

# फोहर व्यवस्थापनका लागि नगरपालिकाले विशेष सरसफाई अभियान चलाउने

**दैनिक समाचारदाता**
**राजविराज, ३० भदौ ।**

जेनजी आन्दोलनका क्रममा तोडफोड र आगजनीबाट राजविराज नगरपालिकाको बारुणयन्त्र र एम्बुलेन्सदेखि फोहर मैला उठाउने टिपर र ट्याक्टर सम्म नष्ट भएको छ । जसकारण विगत ६ दिन देखि फोहर उठ्न नसक्दा नगर दुर्गन्धित बन्न थालेको छ ।

कार्यवाहक नगरप्रमुख इसरत परवीनको अध्यक्षतामा सोमबार सरोकारबाला निकायका प्रतिनिधि समेत राखेर बसेको बैठकले नगरक्षेत्रमा विशेष सरसफाई अभियान चलाउने निर्णय गरेको छ । उनले उक्त विशेष सरसफाई अभियानमा सरिक हुन सबैसंग आग्रह समेत गरेकी



छिन् ।

यता जिल्लामै सर्वाधिक क्षति ब्यहोरेको राजविराज नगरपालिकाले कार्यालयबाट लुटिएका र चोरी गरी लगिएका सामानहरु तुरुन्त फिर्ता गर्न अपिल पनि गरिएको छ ।

नगरपालिका कार्यालयले सोमबार एक सूचना जारी गर्दै यस्तो अपिल गरेको हो । प्रमुख प्रशासकीय अधिकृत हरिकिशोर प्रसाद चन्दवंशीद्वारा जारी सूचनामा गत मंगलबार प्रदर्शनकारीको हुलमा मिसिएका केही व्यक्तिद्वारा ल्यापटप, कम्प्युटर, प्रिन्टर, स्क्यानर, मनिटर, साउण्ड

*बाँकी तीन पृष्ठमा*

**चराचुरुङ्गीको संरक्षण गरौं**

चराचुरुङ्गीले:
- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरुले किरा-फटयाङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पुऱ्याउँछ,
- खेतीपातीमा बिषादीको प्रयोग घट्छ,
- फलफूल खाएर बीउहरू बिभिन्न स्थानमा फाली नयाँ बोटबिरुवा उम्रनमा सहयोग पुऱ्याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- मृत जनावरको मासु खाई बातावरण सफा राख्न मद्दत पुऱ्याउँछ,
- चिरबिर आबाजले मन शान्त पारी तनाब कम गर्न मद्दत पुऱ्याउँछ,
- जैविक बिबिधता बुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र बातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- प्राकृतिक सौन्दर्यतामा बृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पुऱ्याउँछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सीमानाकामा ध्यान पुगोस्

अहिले मुलुक पुनः अस्थिर अवस्थामा पुगेको छ । भर्खरै भएको जेनजी आन्दोलनका कारण मुलुकको सम्पूर्ण व्यवस्थादेखी अर्थतन्त्रसम्म अन्यौलको अवस्थामा छ । ती सबै सिस्टमलाई लयमा ल्याउन निकै समय लाग्ने कुरामा दुई मत नहोला । यसका लागि सबैको सहयोग र सहकार्यको आवश्यकता पर्छ ।

यस बाहेक भारतीय सीमानाकालाई दुरुस्त पार्न आवश्यक छ । खुल्ला सीमानाका कारण अहिले भन्सार कार्यालयले लक्ष्य अनुसारको राजश्व संकलन गर्न सकेको छैन् । मधेशका अधिकांश जिल्लाहरु ती सीमानाकासँग जोडिएको छ । तस्करहरु प्रायगरि रातीको समयमा भारतबाट नेपाल र नेपालबाट भारत सामान ओसारपोसार गर्ने गरेका छन् । अहिलेको परिस्थितिमा तस्करहरुले मौका समेत पाएको छ ।

यस्ता गतिबिधीलाई कडाइका प्रहरी प्रशासन तथा स्थानिय पालिका समेतले गम्भिरतापूर्वक अनुगमन र निरिक्षण गरि राजश्व बृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्ने उत्तिकै आवश्यकता रहेको छ । तसर्थ तस्करी नियन्त्रण र राजश्व बृद्धि गर्नेतर्फ सम्बन्धीत निकायको गम्भिर ध्यानाकर्षण हुनु जरुरी छ ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# आन्दोलनपछि बनेको सरकारको जिम्मेवारी र लोकदायित्व

**धर्मेन्द्र झा**

काठमाडौँ, ३० भदौ (रासस) ।

विषम परिस्थितिका बीच नेपालको इतिहासमा प्रथम महिला प्रधानमन्त्रीका रूपमा पूर्वप्रधानन्यायधीश सुशीला कार्कीले पदभार ग्रहण गर्नुभएको छ । यही भदौ २३ र २४ गतेको युवा केन्द्रित आन्दोलनपछि देशमा विकसित नयाँ परिस्थितिको परिणामस्वरुप कार्की प्रधानमन्त्रीको दायित्व निर्वाह गर्नुपर्ने अवस्थामा पुग्नुभएको हो । उहाँलाई बधाई । सविधान जोगाउने भगिरथ प्रयत्नका लागि राष्ट्रपतिप्रति आभार । यो अवस्थालाई सूक्ष्म अध्ययन गरी आन्दोलनलाई लामो समयसम्म जानबाट रोक्न नेपाली सेना सक्षम भएको छ । राजनीतिक निकासका लागि सहजीकरण गर्ने सेनाप्रमुख अशोकराज सिग्देललगायत नेपाली सेनालाई धन्यवाद दिनैपर्छ ।

जेनजी (जेनजेड) आन्दोलनका रूपमा स्थापित यो आन्दोलन भविष्यमा यही नामले चर्चित हुनेछ । आन्दोलनको राप र तापले स्थापित वर्तमान सरकारको काँधमा स्वाभाविक रूपमा गहन जिम्मेवारी आएको छ । यो सरकारसामु सबैभन्दा ठूलो कार्यभार छ-लोकतान्त्रिक प्रक्रिया सुनिश्चित गरी संवैधानिक सर्वोच्चता कायम गर्दै निर्धारित समय (फागुन २१) मा निर्वाचन सम्पन्न गर्नु । निश्चय पनि यसका लागि अनुकूल वातावरणको निर्माण अपरिहार्य छ । आन्दोलनले कल्पेको आकाङ्क्षाको पृष्ठभूमिमा आगामी छ महिनाभित्र गर्न सकिने र गर्नुपर्ने कार्यको छोटो सूची तयार गरी कार्यान्वयनमा उत्रिनु सम्भवतः सरकारको सबैभन्दा ठूलो चुनौती हो ।

आगामी फागुन २१ गते प्रतिनिधिसभा निर्वाचनको घोषणा भइसकेको सन्दर्भमा वर्तमान सरकारसँग काम गर्ने समय अत्यन्त कम छ भने गर्नैपर्ने काम धेरै छन् । नेपालीका महान् चाडपर्व मुखैमा आएका छन् । यसले झण्डै एक महिनासम्म कामको गति सुस्त बनाउँछ नै । जनताका चुलो निकै महँगो भएको छ । कृत्रिम अभावले जनतालाई असुविधा भएको छ । जनताका दैनिकीदेखि प्रशासनिक जिम्मेवारी र निर्वाचन सम्पन्न गराउनुपर्ने गहन दायित्व वर्तमान सरकारको काँधमा छ । आन्दोलनमा ध्वंस भएका संरचनाहरूको पुनःनिर्माणदेखि निर्वाचनको तयारी गर्नुपर्नेछ । त्यसैले आगामी छ महिनामा के के गर्ने हो ? प्राथमिकताका आधारमा रोडम्याप तयार गर्नु सर्वाधिक ठूलो चुनौती रहेको छ । अप्ठ्यारोमा परेको मुलुकको अर्थतन्त्रलाई सबै मिलेर अगाडि बढाउने वातावरण बनाउनु सबैको कर्तव्य समेत हुन आउँछ ।

झट्ट हेर्दा दुई दिन मात्र चलेको यो आन्दोलनले अत्यन्त महत्वपूर्ण सन्देश दिएको छ । यो सामग्री तयार पारुन्जेल ७१ जनाले शहादत दिएको यो आन्दोलनका क्रममा ठूलो जनधनको क्षति भएको छ । आन्दोलनका क्रममा भएको तोडफोड र क्षतिका आकलन र त्यसको सम्बोधन महत्वपूर्ण छ । सार्वजनिक संरचनाहरूको पुनःनिर्माण तत्काले गरी जनतालाई नियमित सेवा प्रदान गर्नु यो सरकारका सामु उपस्थित महत्वपूर्ण चुनौती हो । आन्दोलनका क्रममा सरकारी मात्र नभई निजी सम्पत्तिको पनि ठूलो नोक्सानी भएको छ । यस परिस्थितिमा शान्तिसुरक्षा बहाल गरी निर्भयका साथ देश र जनतालाई आफ्नो दैनन्दीमा फर्काउनु जरुरी छ । कार्यभार सम्हालेसँगै सरकारले आमजनता र आन्दोलनकर्मीलाई सम्बोधनको कार्य प्रारम्भ गरिसकेको छ, जो सकारात्मक छ । यसमा आन्दोलनका क्रममा मृत्यु भएका व्यक्तिलाई सहिद घोषणा गर्नाका साथै उनीहरूका परिवारलाई जनही रु १० लाखका दरले क्षतिपूर्ति दिने, आन्दोलनका घाइतेको उपचार सरकारले गर्ने आदि निर्णय महत्वपूर्ण छन् ।

यस आन्दोलनको एउटा मुख्य माग मुलुकमा सुशासन कायम गर्ने भन्ने हो । यस आधारमा विगतमा भएका भ्रष्टाचार र अनियमितता तथा अकुत सम्पत्ति आर्जन गरेकामाथि कानुनी प्रक्रिया पूरा गरी कारबाही गर्नु सम्भवतः यो सरकारको मूल 'म्यान्डेट' हो । ढिलोचाँडो सरकारले यस कार्यको प्रारम्भ गर्ने अपेक्षा स्वाभाविक छ । भावी दिनमा राज्यले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अख्तियार गर्नेमा विमति छैन । सरकार यसमा निश्चय पनि अडिग रहनेछ । सबैभन्दा महत्वपूर्ण कुरा सरकारका पक्षमा विश्वासको माहौल तयार हुनु आवश्यक हुन्छ । हेक्का रहो, सरकारप्रतिको अविश्वासकै कारण मुलुकमा यति ठूलो परिवर्तन भएको हो ।

मुलुकको विषम परिस्थितिलाई सबै राजनीतिक दल र आम जनताले पनि गम्भीरतापूर्वक मनन गर्नु आवश्यक छ र सुशासन, भ्रष्टाचार निवारण, सार्वजनिक क्षेत्रमा पारदर्शितालगायत विषयका सन्दर्भमा हातेमालो सरकारसँग हातेमालो गर्नु आवश्यक छ । यस आन्दोलनमा उठान भएका विषय सामान्यतया हेर्दा युवा पुस्ताको आकाङ्क्षाजस्तो देखिए पनि सारमा यी विषय सम्पूर्ण देशवासीको भावनासँग जोडिएका छन्, असङ्गत ठहर्दैन । विद्यमान अन्योलतालाई चिर्दै अगाडि बढ्नुपर्ने आम नेपालीको चाहनाबमोजिम संवैधानिक सर्वोच्चतालाई कायम राख्दै मुलुकमा शान्ति, सुव्यवस्था कायम गर्न सर्वपक्षीय योगदान र यसका लागि सार्थक संवादको वातावरण निर्माण अपरिहार्य छ । हक्की र दृढ निश्चयी स्वभावका प्रधानमन्त्रीको विगतको मूल्याङ्कनका आधारमा भन्ने हो भने सङ्क्रमण व्यवस्थापनको कार्य कठिन भए पनि उहाँ सफल हुने कुरामा विमति हुन सक्दैन ।

माथि पनि चर्चा गरियो, आन्दोलनका क्रममा सार्वजनिक सम्पत्तिका साथै विभिन्न उद्योगधन्दा र केही निजी सम्पत्तिमा समेत क्षति पुगेको छ । उनीहरूलाई पूर्ववत् व्यवसायमा फर्किन र लगानीका लागि उत्प्रेरित गराउन उत्तिकै आवश्यक छ । सार्वजनिक एवं निजी क्षेत्रका संरचना पुनःनिर्माणका लागि खर्बौं लगानी आवश्यक पर्ने देखिन्छ । राज्यको स्रोतले मात्रै पुनःनिर्माण गर्न सक्ने अवस्था नहुन सक्छ । अन्तरराष्ट्रिय सहयोग पनि आवश्यक पर्न सक्छ । यस्तै देशको अर्थ व्यवस्थाको एक मुख्य आधारका रूपमा स्वीकृत पर्यटनलाई पनि लयमा फर्काउनु उत्तिकै जरुरी छ । लगानीकर्ता त्रसित भइरहने स्थिति भए त्यसको गम्भीर असर रोजगारीसँगै स्वदेशी एवं विदेशी लगानीमा पर्ने हुँदा निजी क्षेत्रलाई निर्बाध रूपमा उद्योग व्यवसाय गर्ने वातावरण बनाउनु पनि कम चुनौतीपूर्ण छैन ।

वर्तमानको विश्लेषण गर्ने हो भने अहिले कुनै न कुनै रूपमा लोकतान्त्रिक संविधान जोगिएको छ र भावी दिनमा संविधानभित्रैबाट आन्दोलनलाई सम्बोधनको प्रयास हुनु अपेक्षित छ । राजनीतिक दल सरकारका कार्यशैलीबाट असन्तुष्ट जनताका अपेक्षाहरू वर्तमानमा निश्चय पनि फरक छन् । एउटा कुरा बुझ्नु जरुरी छ, अहिलेको आन्दोलनको नेतृत्व जेन्जी पुस्ताले गरेको भए पनि आन्दोलनलाई तिनका अभिभावकहरूको पनि उत्तिकै साथ र सहयोग रहेको छ । यो यथार्थ, आन्दोलनकारी, वर्तमान सरकार र दलहरूले आत्मसात् गर्नु आवश्यक छ ।

नेपालको राजनीतिक इतिहासलाई केलाएर हेर्ने हो भने कुनै पनि राजनीतिक प्रणाली लामो समयसम्म जनअनुमोदित हुन सकिरहेको पाइँदैन । जहिले पनि राजनीतिले जनआकाङ्क्षालाई राम्ररी सम्बोधन गर्न जालमाथि नसकेकै कारण छोटो छोटो समयमा कोल्टो फेर्ने गरेको देखिन्छ । राणा शासनको उदय हुनुमा पनि दरबारभित्रको खिचातानी, अविश्वास र प्रतिशोध मुख्य कारक थियो । २००७ सालमा प्रजातन्त्र आइसकेपछि पनि झण्डै १० वर्ष सङ्क्रमणमै बित्यो भने २०१५ सालमा जननिर्वाचित सरकारले दुई वर्ष पनि काम गर्न पाएन । २०१७ सालमा तत्कालीन राजा महेन्द्रले 'कू' गरी ल्याएको पञ्चायती शासनले तीस वर्षमा जनताका आवश्यकतालाई सम्बोधन गर्न सकेन । २०४६ सालको जनआन्दोलनले जनतालाई सार्वभौमसम्पन्न गराउनाका साथै प्रजातान्त्रिक अधिकाको सुनिश्चित त गर्‍यो तर यो पनि आरोपित नभई रहन सकेन । २०६२/६३ को आन्दोलनले सङ्घीय लोकतान्त्रि गणतन्त्र स्थापित त गर्‍यो तर यसले जनताको आकाङ्क्षा सम्बोधन गर्न नसकेको र भ्रष्टाचार बढाएको आरोप खेप्नपर्‍यो र २०८२ मा जेनजी आन्दोलनले आकार ग्रहण गर्‍यो ।

नेपालको राजनीतिक परिदृश्यमा पछिल्लो समय देखिएको अस्थिरता, सुशासनमा कमजोरी र दलको नेतृत्वप्रति बढ्दो अविश्वासले नागरिकमा असन्तुष्टि चुलिँदो थियो । २०४६ सालको परिवर्तनपछि देखिएका अनुहार नै निरन्तर लामो समयसम्म जनताले बेहोर्नुपर्ने जनताले शायद रुचाएननन्‌ र जेनजी आन्दोलनका रूपमा त्यो असन्तुष्टि अभिव्यक्त हुन पुग्यो । अभिव्यक्तिकै कुरा गर्दा आगोमा घीउ थप्ने कार्य गर्‍यो सामाजिक सञ्जालमाथिको नियन्त्रणको प्रयासले । यस अवस्थामा नयाँ पुस्ता, जो आफूहरूको अभिव्यक्तिको मुख्य माध्यम यही सञ्जाललाई मान्दछ, मा वितृष्णा उत्पन्न हुनु अस्वाभाविक थिएन । जनसङ्ख्यामा ठूलो हिस्सा युवा पुस्ताको रहे पनि सबै राजनीतिक पार्टीमा उनीहरूको भूमिकाको खोजी गरिनुको सट्टा उनीहरूका आवाजलाई दबाउने वा निस्तेज पार्ने काम स्वयं पार्टी नेतृत्वबाट भएको बुझाइका आधारमा युवामा विद्रोहको चेतनाको विस्तारको अवस्थामा आन्दोलनको प्रस्फुटन अवश्यम्भावी नै थियो । यस्तै राजनीतिबाट टाढा रहेकोजस्तो देखिने युवाहरू स्वदेशमै अवसर नदेखेपछि दिनहुँ हजारौंको सङ्ख्यामा विदेसिनु पर्ने अवस्थाले परिवार र समाजमा असन्तुष्टिको भाव बढ्न थालेको थियो, जसलाई शासनले सम्बोधन गर्न सकेको थिएन, यो सत्य हो ।

आन्दोलनले जहिले पनि शक्ति संरचनालाई चुनौती दिने अपेक्षा गरिन्छ । आन्दोलन व्यक्तिहरूको दमित इच्छा र आकाङ्क्षा प्रकटीकरणको माध्यम हो । अन्यायविरुद्ध व्यक्तिहरूको संयुक्त अभियान पनि हो । जहाँ आन्दोलनकारीहरूले आफ्नो शक्ति र नेतृत्वलाई एकीकृत गर्दै परिवर्तनका लागि मुद्दाको छनोट गरी त्यसको प्राप्तिका लागि एक निश्चित समयावधिसम्म सामूहिक भूमिका निर्वाह गर्छन् । आन्दोलनको महत्व, अन्यायका सूचकहरूमा मात्र सीमित नभई त्यसको जरासम्म पुग्ने व्यक्तिहरूको, प्रतिबद्धतामा निर्भर गर्दछ । परिवर्तनको लक्ष्य दीर्घकालीन हुन्छ । परिवर्तन जसलाई चाहिएको छ तिनै सरोकारवाला व्यक्तिहरूले आन्दोलनको नेतृत्व गर्ने र निर्देशन दिने गर्दछन् । नेपालमा भएको यो पछिल्लो आन्दोलनलाई पनि त्यही अर्थमा बुझिनु उचित हुन्छ । आन्दोलनले आफ्नो आकाङ्क्षा सम्बोधन गर्ने पात्रका रूपमा प्रधानमन्त्री कार्कीलाई स्वीकार गरेको छ । कार्कीलाई निश्चय पनि असफल हुने छुट छैन । सँगै आन्दोलनको सन्देशलाई आत्मसात् गरी नेपालको नवनिर्माणमा जुट्नु लोकदायित्व हो । सबैले गम्भीर हुनु जरुरी छ । (लेखक राससका कार्यकारी अध्यक्ष हुनुहुन्छ)

# इतिहास बोकेर फेरि उभिनेछ सिंहदरबार

**सिबी अधिकारी**

काठमाडौं, ३० भदौ (रासस)।

जेनजी प्रदर्शनको क्रममा भएको आगजनीले खण्डहर बनेको छ, सिंहदरबार। तर पनि शिरमा फहराईरहेको छ चन्द्र सूर्य अङ्कित राष्ट्रिय झण्डा। झण्डासँगै आशा र विश्वास बोकेर उभिरहेको छ, सिंहदरबार।

आगोका लप्काले खाएको सिंहदरबार नियाल्दै गर्नुभएका त्रिभुवन विश्वविद्यालयका प्राडा केशव बस्याल निकै भावुक देखिनुहुन्थ्यो। तर पनि नेपाल र नेपालीको आस्थाको धरोहर फेरि उभिनेमा उहाँ उत्तिकै आशावादी हुनुहुन्छ। रसिलो आँखा पार्दै उहाँले भन्नुभयो, "यो सबै दृश्य मेरा आँखाले राम्रोसँग हेर्न पनि सकेका छैनन्, स्वाभाविक रुपमा भावुक छु, तर निराशासँगै आशा र विश्वास ढलेको छैन। पक्कै फेरि पनि सिंहदरबार उभिनेछ भन्नेमा म विश्वस्त छु।"

सिंहदरबार आगजनी र तोडफोडले कुरुप बनेको छ। भग्नावशेषमाथिको झण्डाले साँच्चिकै फेरि राष्ट्रिय एकतासहित उठ्नुपर्छ भन्ने भाव बोलिरहेझैं लाग्छ। धुवाँधुवाँ बनेका सिंहदरबारको भित्ताहरुका कला कौशलले पुनःनिर्माण पर्खिरहेका छन्। आकर्षक शिल्पी र कला धुँवाको पोतोले लतपतिएका छन्। सिंहदरबारको तस्बिर कैद गरिरहनुभएकी कानुन व्यवसायी देवमाया घिमिरेले भन्नुभयो, "सिंहदरबार जलेको दृश्यले मन जलायो। हृदय भारी भयो। भवनको तस्बिर कैद गर्दा आफैँलाई बिझेजस्तो भयो। यो सबै दृश्य शब्दमा विश्लेषण गर्न सकिदैन।"

अर्का कानुन व्यवसायी सुमित्रा श्रेष्ठलाई सिंहदरबार र यस्ता सार्वजनिक सम्पत्ति नजलाइदिए हुन्थ्यो भन्ने लागेको छ। सायद सिंदरबार पुग्ने जो कोहीका अनुहार मलिन देखिन्छन्। कैयौंका आँखा रसाएको हुनुपर्छ। जलेको सिंहदरबार आइतबार मध्यान्ह नियाल्दै गर्दा पंक्तिकारको मनमा पनि वेदना र खुल्दुली पोखियो। अधिकांशले मोबाइल र क्यामेराले सिंहदरबारको तस्बिर र भिडियो कैद गरिरहेका थिए। तस्बिर कैद गर्दा अधिकांशमा मौनता देखिन्थ्यो।

आइतबार प्रशासनिक कार्य खुलेपछि सिंहदरबारमा चहलपहल थियो। बाक्लो सङ्ख्यामा कर्मचारी एवं अन्य व्यक्तिहरु सिंहदरबार अवलोकन गरिरहेका थिए। सिंहदरबार नेपालको प्रशासनिक इतिहासको पछिल्लो भौतिक प्रमाण पनि हो। प्राध्यापक बस्याललाई इतिहास जल्दा पहिचान हराउँछकी भन्ने चिन्ता छ। उहाँ भन्नुहुन्छ, "सिंहदरबार नेपालको वैभवशाली विकासको प्रमाण थियो। पटकपटक आक्रमणमा पर्नु सम्पदा र संस्कृतिमाथिको चुनौती हो। यो देख्दा अत्यन्तै दुःख लागेको छ। यो 'रिनोभेट' गर्न नसकिने त हैन। मुलुकले धेरै ठूलो रकम खर्च गर्नु पर्दा अरु क्षेत्रमा जाने रकम खुम्चिन्छ। फेरि आशा गरौं सिंहदरबार उठ्नेछ।"

गोरखा भूकम्पले क्षतिग्रस्त सिंहदरबार पुनःनिर्माणपछि निकै आकर्षक देखिएको थियो। सङ्घीय संसद् सचिवालयका कर्मचारी केशव अधिकारीले पुनःनिर्माणपछिका दृश्य सम्झिँदै थप्नुभयो, "धेरै राम्रो भएको थियो। अहिले यसरी जलेर खण्डहर हुँदा दुःख लागेको छ। नेपाल आफैँले ठूलठूला पूर्वाधार बनाउन कठिन छ। बनिरहेका पूर्वाधारले नेपाल बन्दैछ भन्ने आशा जगाएको थियो। अहिले यो दृश्यले भावुक बनायो।"

सिंहदरबार नेपालको राजनीतिक, प्रशासनिक र ऐतिहासिक जीवन्त दस्तावेज हो। राज्यका सम्पदा र प्रशासनिक सुरक्षामाथिको आगजनीले इतिहास र सम्पदामाथि प्रहार भएको छ।

कर्णाली प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका कर्मचारी नवराज रिजालले सिंहदरबारको दृश्य असाध्यै पीडादायी रहेको बताउनुभयो। "एकदम दुःखदायी अवस्थामा देखियो। अत्यन्तै भावुक र चिन्तित बनायो। देशको ऐतिहासिक धरोहर र प्राकृतिक सम्पदा हो। सरकारले यसलाई जुन अवस्थामा थियो सोही अवस्थामा बनाउदा उपयुक्त हुन्छ", उहाँले भन्नुभयो।

पशुपति क्षेत्र विकास कोषका कर्मचारी रामकृष्ण लामिछानेले ऐतिहासिक धरोहर खण्डहरको रुपमा परिणत भएको देख्दा असाध्यै पीडाबोध भएको बताउनुभयो। उहाँले जलेको सिंहदरबार र संसद् भवनले आफूलाई निकै दुखित तुल्याएको बताउनुभयो।

सिंहदरबारको सुरक्षा दिइरहेका सुरक्षा एकाइका जवान एन्जल सुवेदीको अनुहार पनि मलिन देखियो। सिंहदरबारभित्रै काम गर्ने उहाँले सिंहदरबार जलेर खरानी हुँदा मन थाम्नै नसकेको अनुभूति सुनाउनुभयो।

यो राणाकालीन ऐतिहासिक सम्पदा हो। यसको मुख्य भवनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत थिए। सिंहदरबार राणा प्रधानमन्त्री चन्द्र शमशेरले आफ्नो निजी निवासको रुपमा इस्वी संवत् १९०३ मा बनाउन लगाएका थिए। एक हजार सात सय वटा कोठाहरु रहेको यो भवन त्यस बेला एसियाकै सबैभन्दा ठूलो दरबार थियो। तत्कालीन अवस्थामा रु २५ लाख खर्च गरेर यो निर्माण गरिएको थियो।

विसं २००७ मा राणा शासनको अन्त्य भए पनि पछि सिंहदरबारमा नेपाल सरकारको कार्यालय राखियो। त्यतिबेला यो दरबारमा प्रधानमन्त्रीको कार्यालयदेखि लिएर सम्पूर्ण मन्त्रालयहरु थिए। विसं २०३० मा सिंहदरबारमा आगलागी भएको थियो। त्यसबाट यसको पछाडि पट्टिको धेरैजसो भाग नष्ट भएको थियो। यो भवन युरोपेली शैलीमा बनेको छ। चन्द्र शमशेर शिकार तथा कलाका सौखिन भएकाले त्यस बेला उनले यसका भित्ताहरु शिकार गरिएका जनावरहरु तथा युरोपेली शैलीका चित्रकँलाहरुले सजाएका थिए। बत्ती तथा अन्य शृङ्गारका वस्तुहरु युरोपबाट मगाइएको थियो।

आइतबारदेखि सिंहदरबारभित्रका विभिन्न मन्त्रालय र निकायका कर्मचारी कार्यालय फर्किएका छन्। आगजनी र तोडफोडबाट प्रभावित ती निकायका कर्मचारीहरूले नियमित काम सञ्चालन गरेका छन्। आशा गरौं सम्पूर्ण नेपालीको इतिहासको प्रतीक बनेर फेरी पनि उभिनेछ सिंहदरबार। जसलाई हेरेर हरेक नेपालीले देशको समृद्धिको कथा भन्नेछन्।

# आगजनीबाट जोगियो स्वास्थ्य सेवा विभाग

काठमाडौं, ३० भदौ (रासस)।

'जेनजी पुस्ता'को प्रदर्शनमा देशभर कैयौं कार्यालय आगजनीबाट ध्वस्त भए। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय पनि यसबाट जोगिन सकेन। बढी क्षति भएको मन्त्रालयमा स्वास्थ्य पर्दछ।

स्वास्थ्य क्षेत्रको प्रमुख निकायमध्ये एउटा टेकुस्थित स्वास्थ्य सेवा विभाग भने आगजनीबाट जोगिएको छ। त्यसैले कार्यालयका नियमित कामकाज आइतबारदेखि नै सुरु भइसकेका छन्। विभागका महानिर्देशक डा टङ्कप्रसाद बाराकोटीले प्रदर्शनमा विभागको भवन जोगिएको बताउनुभयो। स्वास्थ्य मन्त्रालयमा राखिएको विभागको एउटा गाडी र मोटरसाइकलमा क्षति पुगेको छ।

विभागभित्र राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, राष्ट्रिय क्षयरोग केन्द्र, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना र सञ्चार केन्द्रलगायत रहेका छन्। उपचारात्मक सेवा महाशाखा, व्यवस्थापन महाशाखा, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, परिवार कल्याण महाशाखा यहाँ रहेका छन्।

विभागमा क्षति नपुगे पनि देशभर ३० नगरपालिकामा रहेको स्वास्थ्य शाखामा भने क्षति पुगेको महानिर्देशक डा बाराकोटीले जानकारी दिनुभयो। "क्षतिको विवरण सङ्कलन गर्दैछौं," उहाँले भन्नुभयो।

मधेस, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न नगरपालिका र स्वास्थ्य संरचनामा हालैको घटनाबाट क्षति पुगेको छ। स्वास्थ्य संस्था, खोप भण्डारण केन्द्रमा कतै पूर्ण र कतै आंशिक क्षति भएको छ। पुनःस्थापना तथा मर्मत गरेर सञ्चालनमा ल्याउने तयारी भइरहेको छ।

परिवार कल्याण महाशाखाअन्तर्गतको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले खोप कोल्ड चेन स्टोरमा क्षति पुगेको बताउनुभयो। उहाँका अनुसार हालसम्म १९ खोप कोल्ड चेन स्टोरमा क्षति पुगेको छ। क्षतिको विवरण सङ्कलन भइरहेको उहाँले बताउनुभयो।

"वडा कार्यालय जलाउँदा सँगैको स्वास्थ्य संस्था पनि परेका छन्। खोप भण्डारण कक्षमा क्षति पुगेको छ। खोप कार्यक्रममा भने प्रभाव परेको छैन। सेवा दिन प्रयासरत छौं। कामलाई निरन्तरता दिइरहेका छौं", प्रमुख डा गौतमले भन्नुभयो।

## आन्दोलनमा निधन भएकाको सम्मानमा राष्ट्रिय शोक मनाउने गृहको निर्णय

काठमाडौं, ३० भदौ (रासस)।

गृह मन्त्रालयले जेनजी आन्दोलनमा निधन भएका व्यक्तिको सम्मानमा राष्ट्रिय शोक मनाउने निर्णय गरेको छ।

नवनियुक्त गृहमन्त्री ओमप्रकाश अर्यालले सोमबार पदभार ग्रहण गरेपछि उक्त निर्णय गर्नुभएको हो। मन्त्री अर्यालले शोकमा राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय गर्नुभएको हो।

आन्दोलन क्रममा ज्यान गुमाएका परिवारलाई काजकिरिया खर्चवापत प्रति परिवार रु एक लाख उपलब्ध गराउने तथा मृतकको शव घर ठेगानासम्म पुऱ्याउने निर्णय गरेको मन्त्री अर्यालले जानकारी दिनुभयो।

मन्त्री अर्याललाई मन्त्रालयमा गृह सचिव गोकर्णमणि दुवाडी, प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङ, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, निमित्त राष्ट्रिय अनुसन्धान निर्देशकलगायतले स्वागत गर्नुभएको थियो।

### *डिभाईडरमा ठोक्किएर ...*

अस्पतालमा उपचार भइरहेको र अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ।

मोटरसाइकललाई प्रहरीले नियन्त्रणमा लिई मृतक चौधरीको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल लहान पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

### *फोहर व्यवस्थापनका ...*

सिस्टम, गाडीका पार्टपुर्जा विद्युतीय उपकरण लगायतका सम्पती लुटपाट भएको उल्लेख छ।

नगरपालिकाले आगजनी र तोडफोड संगै लुटपाट र चोरीमा संलग्न व्यक्तिहरुको फोटो र भिडियो सीसीटिभी क्यामरामा कैद भएको तथा सामाजिक सञ्जालहरु मार्फत समेत सार्वजनिक भइसकेकाले अविलम्ब लुटेर तथा चोरेर लगेका सार्वजनिक सम्पति फिर्ता ल्याउन सूचना मार्फत अपिल गरेको छ।

कार्यवाहक नगरप्रमुख इसरत प्रवीणले जनताकै करबाट बनेका संरचना र सार्वजनिक सम्पति जलाउनु र चोरेर लानु अपराध भएको बताईन्।

# विश्व समाचार

## भारतीय सुरक्षा बलसँगको भिडन्तमा शीर्ष कमान्डरसहित तीन 'नक्सलवादी' विद्रोहीको मृत्यु

नयाँ दिल्ली, ३० भदौ (रासस/एएफपी)।

भारतीय सुरक्षा बलले सोमबार एकजना शीर्ष कमान्डरसहित तीन जना 'नक्सलवादी' विद्रोहीलाई गोली हानेर मारेको छ। यो कारबाही सरकारको दशकौंदेखि चल्दै आएको विद्रोहलाई अन्त्य गर्ने प्रयासको हिस्सा हो। माओवादी विचारधाराबाट प्रेरित 'नक्सलवादी विद्रोह' सन् १९६७ मा हिमालयको फेदीमा रहेको नक्सालबारी गाउँबाट सुरु भएको थियो। त्यसयता विद्रोही, सुरक्षाकर्मी र सर्वसाधारण गरी १२ हजार भन्दा बढीको ज्यान गइसकेको छ।

ताजा भिडन्त झारखण्ड राज्यमा सोमबार बिहान भएको हो। भारतको केन्द्रीय रिजर्भ प्रहरी बल (सीआरपीएफ) का अनुसार, यो अपरेशनलाई 'महत्वपूर्ण सफलता' का रूपमा हेरिएको छ। भीडन्तमा तीन जना 'शीर्ष नक्सल कमान्डर' मारिएको सीआरपीएफले जनाएको छ। मारिएका मध्ये एक सहदेव सोरेन थिए, जो नक्सलवादी सङ्गठनको केन्द्रीय समितिका सदस्य थिए। उनको पक्राउका लागि करिब एक लाख १३ हजार अमेरिकी डलर (भारतीय ९४ लाख) बराबरको इनाम तोकिएको थियो।

केही दिनअघि मात्र ओडिशा र छत्तीसगढको जङ्गली सीमामा भएको अर्को भिडन्तमा सुरक्षाफौजले एक अर्का नक्सलवादी कमान्डरसहित नौ विद्रोहीलाई मारेको थियो। भारत सरकारले आगामी मार्च महिनासम्म विद्रोहलाई पूर्णरूपमा समाप्त गर्ने प्रतिबद्धता जनाएको छ।

सन् २००० को दशकको मध्यतिर यो विद्रोहले देशको करिब एक तिहाइ भूभागमा नियन्त्रण कायम राखेको थियो र त्यसबेला १५-२० हजार जना लडाकु भएको अनुमान गरिएको थियो। 'रेड करिडोर' नाम दिइएको क्षेत्रमा हाल भइरहेको व्यापक कारबाहीमा सरकारले गत वर्षदेखि अहिलेसम्म ४०० भन्दा बढी विद्रोहीलाई मारिएको जनाएको छ। यसै वर्ष मे महिनामा नक्सलवादी प्रमुख नाम्बाला केशव राव (उर्फ बसवराजु) २६ अन्य लडाकुसहित मारिएका थिए। यस सङ्घर्षमा सुरक्षाकर्मीहरू पनि धेरै चोटि निशाना बनेका छन्। गत जनवरीमा भएको सडकछेउ बम विस्फोटमा कम्तीमा ९ जना भारतीय सुरक्षाकर्मीको ज्यान गएको थियो।

## टिकटकको भविष्य चीनमा निर्भर : ट्रम्प

वासिङटन, ३० भदौ (रासस/एएनआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राज्य अमेरिकामा टिकटकको भविष्य अझै अनिश्चित रहेको बताउँदै अन्ततः चीनले नै यसको भाग्य निर्धारण गर्ने सङ्केत दिनुभएको छ। "हुन पनि सक्छ, नहुन पनि सक्छ। हामी अहिले टिकटकसँग वार्ता गरिरहेका छौं। हामी यसलाई बन्द गर्न सक्छौं, वा अघि बढाउन सक्छौं, ठ्याक्कै थाहा छैन। यो अन्ततः चीनमा निर्भर छ। यसले धेरै फरक पार्दैन। तर म यो बच्चाहरूको लागि गर्न चाहन्छु, किनभने उनीहरूलाई यो मन पर्छ", न्युजर्सीमा पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले भन्नुभयो, "स्वार्थी रूपमा भन्नुपर्दा, मैले टिकटकसँग राम्रो काम गरेँ र युवाहरूको भोट पाएँ। त्यस्तो समर्थन सङ्ख्या रिपब्लिकन पार्टीमा अरू कसैले कहिल्यै पाएन।"

न्युयोर्क टाइम्सका अनुसार टिकटकलाई यसको चिनियाँ मालिक बाइटडान्सबाट अलग गर्ने वा अमेरिकामा प्रतिबन्धको सामना गर्ने कानून लागू गर्न वा फेरि ढिलाइ गर्न ट्रम्पसँग सेप्टेम्बर १७ सम्म समय छ। उहाँले यसअघि नै तीन पटक कानून लागू गर्न ढिलाइ गरिसक्नुभएको छ। गत वर्ष अमेरिकी सदनले द्विदलीय समर्थनसहित पारित गरेको कानूनअनुसार गैर-चिनियाँ मालिक नभेटिएसम्म टिकटकले देशमा सञ्चालन गर्न पाउने छैन। यसका कारण चीनसँगको सम्बन्धले अमेरिकाको राष्ट्रिय सुरक्षामा खतरा उत्पन्न गरेको मानिन्छ।

चीनसँगको वार्ता अझै जटिल बनेको छ। अप्रिलमा ट्रम्पले चिनियाँ आयातमा एक सय ४५ प्रतिशत कर लगाउनुभएको थियो, पछि घटाएर ३० प्रतिशतमा ल्याउनुभयो। त्यसको जवाफमा चीनले अमेरिकी उत्पादनमा १० प्रतिशत कर लगायो। गत शनिबार चीनले अमेरिकामा बनेका केही माइक्रोचिपहरूको निर्यातबारे अनुसन्धान सुरु गरेको घोषणा गऱ्यो। अघिल्लो दिन अमेरिकी वाणिज्य मन्त्रालयले चिनियाँ चिप कम्पनीहरूलाई व्यापारको कालो सूचीमा राख्ने जनाएको थियो। यी कदमहरूले दुवै देशबीचको वार्तामा थप दबाब बढाएको छ।

अमेरिका र चीन अहिले थप कर कटौती, दुर्लभ पृथ्वी खनिज र चुम्बकको ढुवानीमा चीनले लगाएको प्रतिबन्धबारे छलफल गरिरहेका छन्। चीनले अमेरिकी कृषि उत्पादन, विशेषगरी सोयाबिन खरिद गर्न रोकेकोमा ट्रम्प प्रशासन चिन्तित छ, जसले अमेरिकी किसानहरूको जीविकोपार्जनमा ठूलो असर पारेको छ।

यससँगै अमेरिकी अधिकारीहरूले चीनको अत्यधिक औद्योगिक क्षमतालाई असन्तुलित अर्थतन्त्रको कारण भन्दै आलोचना गरेका छन् र चिनियाँ पक्षलाई रुस र इरानबाट तेल खरिद नगर्न आग्रह गरेका छन्। ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच आगामी महिना दक्षिण कोरियामा हुने एसिया-प्यासिफिक इकोनोमिक कोअपरेशन फोरममा भेट्ने तय भएको छ। साथै सीको निमन्त्रणामा कुनै समय चीन भ्रमण गर्न सक्ने सङ्केत पनि ट्रम्पले दिनुभएको छ।

## मन्त्रिपरिषद् विस्तार : तीन मन्त्रीको शपथ

काठमाडौं, ३० भदौ (रासस)।

नवनियुक्त तीन मन्त्रीहरूले सोमबार पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति कार्यालय शीतल निवासमा सोमबार आयोजित विशेष समारोहमा नवनियुक्त मन्त्रीहरू रामेश्वर खनाल, कुलमान घिसिङ र ओमप्रकाश अर्याललाई शपथ गराउनुभएको हो। राष्ट्रपति पौडेलले अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा उहाँहरूलाई आइतबार साँझ नियुक्त गर्नुभएको हो।

नवनियुक्त मन्त्रीहरूमध्ये खनाललाई अर्थ, घिसिङलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास, अर्याललाई गृह र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको जिम्मेवारी तोकिएको छ। बाँकी मन्त्रालयको कार्यभार प्रधानमन्त्री कार्कीले नै सम्हाल्नुभएको छ।

खनाल पूर्वअर्थ सचिव, घिसिङ नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक र अर्याल अधिवक्ता हुनुहुन्छ। खनालले आर्थिक सुधार र सुशासनका क्षेत्रमा काम गर्दै आउनुभएको छभने घिसिङले प्राधिकरणको जिम्मेवारीबाट हटेपछि नागरिकका आवाज उठाउँदै आउनुभएको छ। अधिवक्ता अर्यालले अख्तियार दुरुपयोग अनुसन्धान दुरुपयोगका तत्कालीन प्रमुख आयुक्त लोकमानसिंह कार्कीको नियुक्तिको अयोग्यतासम्बन्धी मुद्दामा पुनरावेदन हालेपछि उहाँ चर्चामा आउनुभएको थियो।

नवनियुक्त मन्त्रीहरूले सोमबारै सिंहदरबारमा पदबहाली गर्नुहुने जनाइएको छ।

सो अवसरमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री कार्की, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी, नेपाल सरकारका उच्चपदस्थ अधिकृत, सुरक्षा निकायका प्रमुख तथा अधिकारीलगायत उपस्थित हुनुहुन्थ्यो।

'जेनजी' समूहको आन्दोलन र उत्पन्न परिस्थितिका बीच राष्ट्रपति पौडेलले पूर्वप्रधानन्यायाधीश कार्कीलाई यही भदौ २७ गते अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्त गर्नुभएको थियो।

## फिर्ता हुन थाल्यो लुटिएका चामल र चिनी

सिरहा, ३० भदौ (रासस)।

यहाँको लहान नगरपालिका-१ स्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनीको गोदामबाट लुटपाट गरिएको खाद्यान्न प्रशासनको कडा उर्दीपछि फिर्ता हुन थालेको छ।

जेनजी आन्दोलनका क्रममा गत मङ्गलबार दिउँसो कम्पनीको गोदामबाट चामल, चिनी लुटपाट भएको थियो। इलाका प्रशासन कार्यालय लहानका प्रशासकीय अधिकृत सन्तोष रायका अनुसार, लुटपाटको घटनाले राष्ट्रियस्तरमै लहानको बेइज्जत गराएको भन्दै कार्यालयले कडा निर्देशन जारी गरेपछि फिर्ता हुन थालेको हो। उहाँले भन्नुभयो, "हामीले उर्दी जारी गरेका थियौँ फिर्ता गर्नका लागि। फिर्ता नगर्नेलाई सिसिटिभी फुटेज र सामाजिक सञ्जालमा उपलब्ध फोटो भिडियोका आधारमा पहिचान गरी कानुनी कारबाही गरिनेछ भनेर।"

उहाँका अनुसार स्थानीय युवाहरूको सक्रियतामा चामल र चिनी क्रमशः फिर्ता हुन थालेको हो। केही व्यक्तिहरूले स्वयं आएर र केहीले स्थानीय युवाको माध्यमबाट आइतबार चामल र चिनी फिर्ता गरेका हुन्।

खाद्य कम्पनी लहान शाखाका सूचना अधिकारी अनिलकुमार महतोका अनुसार, आइतबार बेलुका ९ बजेसम्म ७१ क्वीन्टल चामल र करिब १८ क्वीन्टल चिनी फिर्ता भएको छ। "फिर्ता गर्नेको प्रतिष्ठालाई ध्यानमा राखेर नाम भने गोप्य राखिएको छ", महतोले भन्नुभयो।

विवरणअनुसार, चार वटा गोदाममा भण्डारण गरिएको आठ हजार १४८ क्वीन्टल चामल, तीन हजार २२० क्वीन्टल चिनी, ५३ क्वीन्टल २१ किलो धान र ९८ हजार ८१५ थान जुटका बोरा लुटिएका थिए। उहाँका अनुसार यसको अनुमानित मूल्य रु १० करोड ९१ लाख २२ हजार ८२७ बराबर रहेको छ।

खाद्यान्नलाई सुरक्षित राख्न प्रयोग गरिने विशेष प्रकारका 'फ्युमिगेसन सिट' लुटिएको छ। महतोका अनुसार, ती सिटहरू अत्यन्तै भारी हुने र उठाउन कम्तीमा १० जनाको आवश्यकता पर्दछ। यस्तो सिट खाद्य कम्पनीसँग मात्रै रहेको जनाइएको छ।

लुटपाटको क्रममा कार्यालय परिसरमा राखिएको कार र मोटरसाइकलमा आगजनी गरिएको छ। खाद्यकर्मीको 'क्वार्टर' बाट ल्यापटप, खाना पकाउने दुई थान ग्यास सिलिण्डर तथा मोबाइलसमेत लुटिएको छ।

यसअघि विसं २०६३ को मधेस आन्दोलनसहित अन्य विभिन्न आन्दोलनका क्रममा गरी हालसम्म तीन पटक लहानको खाद्य कम्पनीमा लुटपाट भइसकेको छ। यसले गर्दा आगामी दिनमा सामान्य आन्दोलनको बेलामा पुनःलुटपाटको जोखिम उच्च रहेको स्थानीय बताउँछन्।

## संसद् सचिवालयद्वारा प्रदर्शन क्रममा घर लगिएका सामान फिर्ता गर्न आग्रह

काठमाडौं, ३० भदौ (रासस)।

सङ्घीय संसद् सचिवालय यही भदौ २४ गते भएको जेनजी प्रदर्शनका क्रममा संसद् भवनबाट लगिएको सामान फिर्ता गर्न अनुरोध गरेको छ।

सङ्घीय संसद् सचिवालय (आन्तरिक सेवा तथा योजना शाखा) ले सोमबार सूचना जारी गरी सङ्घीय संसद् सचिवालयको स्वामित्वमा रहेका टेबल, कुर्सी, कम्प्युटर, प्रिन्टर, स्क्यानर, क्यामेर, टेलिभिजन, मोनिटर, माइक, मिक्स्चर, स्पिकर, फोटोकपी मेसिन, विद्युतीय उपकरणलगायतका सामान अनधिकृत व्यक्तिले लगेको भन्ने बुझिएको उल्लेख गर्दै ती सामान फिर्ता गर्न आग्रह गरेको हो।

सचिवालयले भनेको छ, "उल्लिखित मालसामान लगेको भिडिओ भएमा उपलब्ध गराई सहयोग गरिदिनुहुन हार्दिक आह्वान गरिन्छ, भिडिओ/सूचना दिने व्यक्तिको परिचय गोप्य राखिने छ।"

## जापानिज इन्सेफ्लाइटिसका कारण पाँच जनाको मृत्यु

चितवन, ३० भदौ (रासस)।

जिल्लामा जापानिज इन्सेफ्लाइटिसका कारण पाँच जनाको मृत्यु भएको छ। सङ्क्रमित १६ जनामध्ये उनीहरूको मृत्यु भएको हो। जनस्वास्थ्य कार्यालय चितवनका आनुसार पछिल्लो पटक भदौ २३ गते एक जनाको मृत्यु भएको थियो।

कार्यालयका प्रमुख दिनेश रुपाखेतीका अनुसार मृत्यु हुनेमा राप्ती नगरपालिकाका ४२ वर्षीया महिला रहेकी छन्। जिल्लामा यसअघि मृत्यु हुनेमा भरतपुर महानगरपालिका-२२ का ७० वर्षीय वृद्ध, कालिका नगरपालिका-५ का ८९ वर्षीय वृद्ध, राप्ती नगरपालिका-१२ की ७० वर्षीया वृद्धा र भरतपुर महानगरपालिका-१२ की ८१ वर्षीया वृद्धा रहेका थिए। उनीहरूको साउनयता मृत्यु भएको हो। गत आर्थिक वर्षमा चितवनमा देखिएका तीन जना सङ्क्रमितमध्ये एक जनाको मृत्यु भएको थियो।

जापानिज इन्सेफ्लाइटिस भरतपुर महानगरपालिका, कालिका नगरपालिका, राप्ती नगरपालिका, खैरहनी नगरपालिका र माडी नगरपालिकाका व्यक्तिमा देखिएको छ। यो रोग क्युलेक्स जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने कीटजन्य सरुवा रोग हो। यो लामखुट्टे घरबाहिर बस्न रुचाउने, घरबाहिर नै टोक्ने, साँझ र बिहान बढी सक्रिय हुने गर्दछ। यो लामखुट्टेले सुँगुर, बङ्गुर, हाँसजस्ता पशुपक्षीलाई टोक्यो भने सर्दछ। धानखेतीमा समेत यस लामखुट्टेले अण्डा पारेर लार्भा बनाउने गरेको कार्यालयका प्रमुख दिनेश रुपाखेतीले जानकारी दिनुभयो।

## आन्दोलनमा सहभागी कार्यकर्तालाई माओवादीले कारबाही गर्ने

काठमाडौं, ३० भदौ (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले 'जेनजी पुस्ता'को आन्दोलनमा सहभागी भई तोडफोड तथा आगजनीमा संलग्न भएको पुष्टि भएमा आफ्ना नेता तथा कार्यकर्तालाई कारबाही गर्ने भएको छ।

पार्टीका उपाध्यक्ष तथा प्रवक्ता अग्निप्रसाद सापकोटाले आइतबार विज्ञप्ति जारी गरी तोडफोड तथा आगजनीजस्ता गतिविधिमा आफ्नो पार्टीसँग सम्बन्धित कोही कसैको संलग्नता देखिए कारबाही गर्ने जनाएको छ। माओवादी केन्द्रले तथ्य र प्रमाण फेला परे सरकारले सख्त कारबाही गर्न पनि आग्रह गरेको छ।

"हाम्रो पार्टीको कार्यालयहरू, दर्जनौं नेता, कार्यकर्ता र परिवारका घर तथा अन्य सम्पत्तिमा आगजनी, तोडफोड गर्ने कार्य भएका छन्, त्यो तथ्य जनतासामु प्रस्ट छ, यो तथ्य जनतासामु प्रस्ट हुँदाहुँदै केही व्यक्ति वा समूहले यस्ता ध्वंसात्मक क्रियाकलापमा माओवादी कार्यकर्ताको संलग्नता भनि गरिएको प्रचारप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ", विज्ञप्तिमा उल्लेख छ। यस्ता आधारहीन हल्ला फैलाएर हाम्रो पार्टी तथा आन्दोलनलाई कमजोर बनाउनेप्रति सचेत रहँदै त्यस प्रकारका दुष्प्रचारबाट भ्रममा नपर्न पनि पार्टीले आम जनसमुदायलाई अपिल गरेको छ।

'जेनजी पुस्ता'ले उठाएका माग जायज भएको उल्लेख गर्दै पार्टीले आन्दोलनभित्र प्रतिगामी, लोकतन्त्र र गणतन्त्र विरोधी तत्व घुसेर जुन खालको विध्वंस र वितण्ड मच्चाएको भन्दै भर्त्सना गरेको छ।

## अख्तियारद्वारा लुटपाट एवं चोरी गरिएका सामान बुझाउन आग्रह

काठमाडौं, ३० भदौ (रासस)।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यही भदौ २४ गतेको आन्दोलनका क्रममा आयोग र मातहतका कार्यालयहरूबाट लुटपाट एवं चोरी भएका सामान बुझाउन अनुरोध गरेको छ।

आयोगले उक्त सामग्रीहरू काठमाडौंको हकमा प्रहरी वृत्त मालीगाउँ, काठमाडौं वा यस आयोगको कार्यालय टङ्गालमा र आयोगका मातहत कार्यालयको हकमा तत्तत् कार्यालय वा नजिकको प्रहरी कार्यालयमा आई सामान बुझाई दिनुहुनसमेत अनुरोध गरेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालले एक सार्वजनिक सूचना प्रकाशित गरी भदौ २४ गते आन्दोलनका क्रममा यस आयोग र मातहतका कार्यालयहरू (इटहरी, हेटौंडा, पोखरा, बुटवललगायत) मा भएको तोडफोड, आगजनी र चोरी एवं लुटपाटबाट सवारीसाधनहरू (चारपाङ्ग्रे र दुईपाङ्ग्रे), टिभी, कम्प्युटर सेट, माइक्रो ओभन, विभिन्न साइजका हार्ड डिस्क, स्क्यानर, क्यामरा, आइप्याड, मोबाइल, ल्यापटप, हिटर, पङ्खालगायत सामानहरू लुटपाट एवं चोरी भएकाले उक्त सामान बुझाउन अनुरोध गरेको हो।

"उक्त तोडफोड र चोरीमा संलग्नहरूको सिसिटिभी फुटेजमार्फत पहिचान गर्ने कार्य भइरहेको हुँदा कोही कसैले आयोग र आयोग मातहत कार्यालय परिसरबाट यस्ता सामग्री लिएको वा प्राप्त गर्नुभएको भए उक्त सामग्रीहरू काठमाडौंको हकमा प्रहरी वृत्त मालीगाउँ, काठमाडौं वा यस आयोगको कार्यालय टङ्गालमा र आयोगका मातहत कार्यालयको हकमा तत्तत् कार्यालय वा नजिकको प्रहरी कार्यालयमा आई सामान बुझाई दिनुहुन अनुरोध छ। अन्यथा कानुनबमोजिम भइजाने व्यहोरासमेत जानकारी गराइन्छ," आयोगद्वारा प्रकाशित सूचनामा उल्लेख गरिएको छ।




प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शंखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np